स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



महाशिवरात्री छेकोमा रिलिजको तयारीमा रहेको फिल्म 'रंगोली'ले मुख्य नायिकाको पात्र लुक्स सार्वजनिक गरेको छ । पोस्टरमा अभिनेत्री मिरुना मगर लाई जुनकिरीको भूमिकामा चिनाइएको छ । लक्ष्मीपूजाको अवसरमा दयाहाङ राईको ग्याङस्टर लुक बाहिर ल्याएको फिल्मले पोस्टरमार्फत मिरुनाको क्यारेक्टर हुलिया र मनोदशालाई चित्रण गर्ने प्रयत्न गरेको छ । फिल्ममा दयाहाङको 'लभ इन्ट्रेस्ट'को रुपमा मिरुनालाई कास्ट गरिएको अनुमान छ ।

**आजको विचार...**



पाल्पाका...
*(दुई पेजमा)*

नारायण तिमिल्सेना

गत वैशाखमा अभिनेता दयाहाङ राईका दुईवटा चलचित्र एकैदिनबाट प्रदर्शनमा आएका थिए । उनको शीर्ष भूमिका रहेको 'जारी' र 'बिहे पास' वैशाख १ मा प्रदर्शन भएका थिए । यसवर्ष यो संयोग फेरि पनि दोहरिने भएको छ । अर्थात्, आउँदो माघमा अभिनेता राईका दुईवटा चलचित्र एकैदिनबाट प्रदर्शनमा आउने भएका छन् । दयाहाङको शीर्ष भूमिका रहेका 'हात्तीछाप' र 'दयारानी'ले माघ २६ गतेका लागि प्रदर्शन मिति घोषणा गरेका हुन् । योसँगै यसवर्ष फेरि दयाहाङका दुई चलचित्रबीच प्रतिस्पर्धा तय भएको हो ।



❑ वर्ष २९ ❑ अंक ११४ ❑ २०८० मंसिर ६ गते बुधबार 22 November 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# स्थानीय सरकारका बालमैत्री कार्यक्रम : करोडौं खर्च, उपलब्धि न्यून

**पाल्पाका स्थानीय तहले बालबालिकाहरुको क्षेत्रमा उल्लेखनीय काम गरेको दावी गर्दै आएपनि न बालविवाह रोकिएको छ, न बालश्रम नै । कानूनमा बालविवाह र बालश्रम गर्न/गराउन नपाइने उल्लेख भएपनि व्यवहारमा भने कार्यान्वयन हुन सकेको छैन ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर ५/

● पाल्पा जिल्लाको निस्दी गाउँपालिका-४ मित्याल भिरपानीकी शान्ती सारु ( नाम परिवर्तन) को कक्षा-८ मा पढ्दै गर्दा १५ वर्षमा विवाह भयो । लगत्तै उनी गर्भवती पनि भइन् जसका कारण पढाइ छाड्नुपर्‍यो । सारुका अहिले चार वर्षका छोरा छन् ।

●बगनासकाली-१ चिर्तुङ्गधारा गाप्टुङकी १७ वर्षीय कमला गाहा (नाम परिवर्तन) ले तीन वर्ष अघि गाउँकै एक युवकसँग भागेर बिहे गरिन् । उनले एक छोरीको जन्म दिइन् । तर, अहिले दुई वर्षयता श्रीमानसँग भेटघाट र कुराकानी छैन । नागरिकता समेत छैन । २० वर्ष नपुग्दै विवाह गरेकाले विवाह दर्ता हुने कुरै भएन । अहिले उनको जीवन पीडादायी भएको छ ।

● रम्भा गाउँपालिकाकी मनिषा सारु (नाम परिवर्तन) को नर्सिङ पढ्दै गर्दा प्रेम विवाह भयो । तीन वर्षीय छोराको आमा बनेकी उनको पनि विवाहपछि बीचैमा पढाइ रोकियो । उमेर नपुगी विवाह गरेका कारण पढाइ पूरा गर्न नपाएकी सारुको नर्स बन्ने धोको भने अधुरै रह्यो ।

उमेर नपुगी विवाह गर्दा जीवन सकसपूर्ण भएका यी त केही प्रतिनिधि पात्र मात्रै हुन् । पाल्पा जिल्लाका अधिकांश स्थानीय तहमा उमेर नपुगी विवाह गर्ने र बालश्रम गर्न बाध्य बालबालिकाहरु थुप्रै छन् । यहाँका स्थानीय तहले बालबालिकाहरुको क्षेत्रमा उल्लेखनीय काम गरेको दावी गर्दै आएपनि न बालविवाह रोकिएको छ, न बालश्रम नै । कानूनमा बालविवाह र बालश्रम गर्न/गराउन नपाइने उल्लेख भए पनि व्यवहारमा भने यो पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बालविकास र अर्थपूर्ण सहभागिताजस्ता बालअधिकारका सवाललाई सुनिश्चत गर्न पाल्पाका स्थानीय सरकारले बालमैत्री स्थानीय शासन कार्यक्रम अगाडि सारेका छन् तर प्रभावकारी कार्यान्वयन भने भएको देखिदैन । हचुवाका भरमा बजेट छुट्याउने र तयारी विना नै घोषणा गर्ने होडबाजीले बालमैत्री घोषणा गरेका स्थानीय सरकारका कार्यक्रम निष्प्रभावी भएका छन् ।

पाल्पाको बगनासकाली र रम्भा गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यक्रम गरी पालिकालाई नै बालमैत्री घोषणा गरेका छन् भने केहीले घोषणा गर्ने तरखर गरेका छन् । बालबालिकाको नाममा पाल्पाका ५ स्थानीय सरकारले ३ करोड ८ लाख रुपैयाँभन्दा बढी बजेट खर्च गरेका छन् । पालिकापिच्छे लाखौं बजेट खर्च गरिए पनि त्यसको उपलब्धी भने शून्य जस्तै छ । चैत्र १४, २०७७ मा लुम्बिनी प्रदेशमै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरेको बगनासकाली गाउँपालिकाले अहिलेसम्म बालमैत्री कार्यक्रमका लागि १ करोड १९ लाख ५० हजार रुपैयाँ बजेट खर्च गरेको बालमैत्री कार्यक्रमका फोकल पर्सन सुजन घिमिरेले जानकारी दिए । बालबालिकाको क्षेत्रमा ठूलो रकम खर्च गरे पनि पालिकाले बालविवाह र बालश्रम रोक्न भने सकेको छैन । जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर उमेर नपुगी बिहे गर्ने क्रमको रोकथामका लागि प्रयास भने नभएका होइनन् । तरपनि अन्त्य गर्न भने सकेको छैन । पालिकाभित्र अहिले पनि बालविवाह हुने गरेका छन् । पालिकाले यकिन तथ्यांक समेत राखेको छैन । यहाँ ४० देखि ५० जनाले बालविवाह गरेका छन् भने दर्जन बढी बालबालिकाहरु बाहिर गएर श्रम गर्न बाध्य छन् । कार्यक्रम प्रभावकारी बन्न नसक्नुको प्रमुख कारण स्थानीय सरकारमा आएको फेरवदल हो ।

*(...बाँकी अन्तिम पेजमा)*

**बालमैत्री कार्यक्रममा स्थानीय सरकारले गरेको खर्च विवरण**

| स्थानीय तह | आ.व २०७७/०७८ | आ.व २०७८/०७९ | आ.व २०७९/०८० | आ.व २०८०/०८१ |
|---|---|---|---|---|
| बगनासकाली गाउँपालिका | ५५ लाख | २५ लाख | १९ लाख ५० हजार | २० लाख |
| रम्भा गाउँपालिका | | २० लाख | २० लाख | १६ लाख ५० हजार |
| रामपुर नगरपालिका | ५ लाख | ५ लाख | ५ लाख | १० लाख |
| निस्दी गाउँपालिका | | | ३५ लाख | ५२ लाख |
| माथागढी गाउँपालिका | | | १० लाख | १० लाख |
| तिनाउ गाउँपालिका | | | | एक करोड १२ लाख २० हजार (अनुमानित प्रस्तावित खर्च) |

## तिलोत्तमा, बाणगंगा र रामग्राममा पनि उस्तै

बालमैत्री कार्यक्रम घोषणा गरेका रुपन्देहीको तिलोत्तमा नगरपालिका, कपिलवस्तुको बाणगंगा नगरपालिका र नवलपरासीको रामग्राम नगरपालिकाको अवस्था पनि उस्तै छ । मंसिर २९, २०७८ मा रुपन्देहीको पहिलो बालमैत्री नगरपालिका घोषणा भएको तिलोत्तमा नगरपालिकाले बालविवाह र बालश्रम नियन्त्रणका प्रयास गर्दै आएपनि त्यो सफल हुन सकेको छैन । अझै पनि यहाँ लुकेर बालविवाह गर्ने र बालबालिकालाई श्रममा लगाउने गरेको पाइन्छ । नगरपालिकाले बालमैत्री सूचाकंअनुसार बालविवाह र बालश्रमिक नरहेको दावी गर्दै आए पनि इटा भट्टी र होटलहरुमा त्यहाँका बालबालिकाहरुले काम गर्ने र छिटपुट रुपमा बालविवाह हुने गरेको देख्न सकिन्छ । तिलोत्तमा नगरपालिकाकी सुजता चौधरी (नाम परिवर्तन) को १६ वर्षमै मागी विवाह भयो । अहिले उनी १८ वर्षकी भइन् । उनलाई अहिले सानैमा विवाह भएकोमा पछुतो छ । उमेर नपुगी विवाह भएकाले उनले आफ्ना धेरै चाहनाहरुलाई मनभित्रै खुम्च्याउनु परेको छ । 'बिहे गर्दिन भन्न कहाँ पाइन्थ्यो र घरपरिवारको चाहनाअनुसार विहे गर्नुपर्थ्यो,' उनले भनिन् । चौधरी त प्रतिनिधि पात्र मात्रै हुन् । नगर सरकारले बालमैत्री कार्यक्रमका लागि मात्रै आ.व २०७७/०७८ यता २ करोड २१ लाख रुपैयाँ खर्च गरेको छ । बालमैत्री कार्यक्रमकी फोकल पर्सन शारदा भट्टराईका अनुसार आर्थिक वर्ष २०७७/०७८ यता नगर सरकारले उक्त रकम खर्च गरेको हो । उसले घोषणा गर्ने वर्ष मात्र एक करोड रकम खर्च गरेको छ । बालविवाह नियन्त्रणको प्रयास गरेपनि लुकेर विवाह हुने गरेको भट्टराईको भनाई छ । यस्तै कपिलवस्तुको बाणगंगा नगरपालिका २०७८ साउनमा जिल्लाकै पहिलो, प्रदेशको तेश्रो र मुलुककै नवौं बालमैत्री नगरपालिकाको रुपमा घोषणा भएको थियो । उसले पनि बालमैत्री कार्यक्रमका क्षेत्रमा थुप्रै काम गरेको दावी गरेपनि त्यसको ठोस उपलब्धि भने देखिदैन । यहाँ पनि बालविवाह चुनौतीका रुपमा देखिन्छ । बाणगंगा नगरपालिका-९ की १८ वर्षीय पुजा परियारको बिहे सानैमा भयो । परिवारले बिवाह गर्न दवाव दिए । उनलाई पढ्ने रहर थियो तर परिवारले जबरजस्ती गरेपछि उनले विहे गर्नुपर्‍यो । बिहे गरेको डेढ वर्षमै बच्चा जन्मियो । यसअघि बालविवाह र बालश्रम नियन्त्रण गर्नमा यहाँ आफुहरुले ठूलो प्रयास गरेको नेपाल सरकारका निवर्तमान उपसचिव एवं नगरका निवर्तमान बालमैत्री कार्यक्रम संयोजक बाबुराम भट्टराईले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

## संक्षिप्त समाचार

### आक्रमणमा १५ जनाको मृत्यु

**(रासस/एएफपी)**

**उगादुगुऊ,** मंसिर ५/पूर्वी बुर्किनाफासोमा सप्ताहन्तमा 'एकैसाथ भएको हमलामा' १५ जना मारिएको सुरक्षा र स्थानीय स्रोतले मंगलबार बताएका छन् । मारिनेमा अधिकांश सर्वसाधारण रहेका छन् । पश्चिम अफ्रिकी मुलुक बुर्किना फासोले सन् २०१५ मा छिमेकी मुलुक मालीबाट फैलिएको जिहादी विद्रोहसँग लडिरहेको छ ।

संघर्षका क्रममा १७ हजारभन्दा बढी नागरिक र सैनिकको मृत्यु भएको छ भने २० लाख मानिस विस्थापित भएका छन् । एक स्थानीय बासिन्दाले पछिल्लो हिंसामा पूर्वी तापोआ प्रान्तको प्रमुख सहर डायपागामा एकसाथ भएको हमलामा शनिबार तीन सैनिकसहित १५ जना मारिएको बताएका छन् । क्षेत्रीय नागरिक समाज संगठनका प्रवक्ता कोन्डिया पियरे योनलीले हताहतबारे पुष्टि गरेका छन् । उनले आइतबार डायापागा नगरपालिकाको चिहानमा गाडिएका पीडितहरूको सम्मानमा मंगलबार उक्त क्षेत्रका विद्यालय, बजार र सार्वजनिक सेवाहरू बन्द गरिएको बताए । एक सुरक्षा स्रोतका अनुसार सेनाले जवाफी हमला गरिरहेको छ । स्रोतले भनेको छ, 'पूर्वमा हवाई तथा स्थल कारबाही भइरहेको छ, कारबाहीका क्रममा ५० भन्दा बढी आतङ्कवादी मारिएका छन् र उनीहरूको धेरै आधारलाई नष्ट गर्ने अनुमति दिइएको छ ।' बुर्किना फासोमा सन् २०२२ सेप्टेम्बरमा भएको कूपछि एउटा संक्रमणकालीन सरकारले शासन गरिरहेको छ । जुन्ता नेतृत्वको सरकारले जिहादी विरोधीसँगको लडाइँमा १८ वर्षभन्दा माथिका पुरुषहरूलाई भर्ती गर्दै आएको छ ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा सातको मृत्यु

**पाल्पा,** मंसिर ५/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सिन्धुली, कैलाली, नवलपरासी पूर्व, धनुषा, ललितपुरमा भएका सवारी दुर्घटनामा सात जनाको ज्यान गएको हो । सिन्धुलीको कमलामाई नगरपालिका-८ बाघमारास्थित सडकमा बस र मोटसाइकल एक आपसमा ठक्कर खाँदा मोटरसाइकल चालक महोत्तरी बर्दिबास नगरपालिका-२ का ४३ वर्षीय श्याम चौधरीको मृत्यु भएको छ । यसैगरी सिन्धुलीको दुधौली नगरपालिका-७ सिमराईस्थित सडकमा हाईसको ठक्करबाट साईकलयात्री सोही ठाउँका ५९ वर्षीय गंगाबहादुर विकको मृत्यु भएको छ । कैलालीकै गोदावरी नगरपालिका-४ बुढितोलामा मिनिट्रक दुर्घटना हुँदा ट्रकमा सवार ३६ वर्षीया एक महिलाको घटनास्थलमै मृत्यु भएको छ । यस्तै नवलपरासी पूर्वको गैंडाकोट नगरपालिका-१२ उन्नति भिलेजस्थित सडकमा टेलरमा मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक गैंडाकोट अमरापुरी बस्ने ३० वर्षीय राजु क्षेत्रीको मृत्यु भएको छ । नवलपरासी पूर्वकै कावासोती नगरपालिका-१६ पत्थर खोलास्थित सडकमा कार र ट्रक एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा कार चालक ४५ वर्षीय हरिसुन्दर श्रेष्ठको मृत्यु भएको छ । धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयामा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक लक्ष्मिनिया गाउँपालिका-४ सपही बस्ने २६ वर्षीय रंजित यादवको मृत्यु भएको छ । ललितपुरको महालक्ष्मी नगरपालिका-४ लुभुमा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा चालक दोलखाका १९ वर्षीय आषिश कार्कीको मृत्यु भएको छ ।

## लुम्बिनीमा अझै जुटेन सरकार विस्तारको सहमति

**पाल्पा,** मंसिर ५/लुम्बिनी प्रदेशमा सरकार विस्तारको सहमति अझै जुट्न सकेको छैन । सत्ता साझेदार दलभित्रै आ-आफ्नै अडान कायम राख्दा सरकार विस्तारमा सहमति नजुटेको हो ।




सरकार गठन भएको सात महिना पुग्नै लाग्दा पनि खानेपानी, उद्योग र वन मन्त्रालय मन्त्रीविहीन छन् । मुख्यमन्त्री डिल्लीबहादुर चौधरी गत वैशाख १४ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए तर अहिलेसम्म सरकारले पूर्णता पाउन नसक्दा मन्त्रालयको कामकाज प्रभावित भएको छ । मन्त्रालय थपेर भए पनि सरकारलाई पूर्णता दिने तयारी रहे पनि सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसले मन्त्रालय नथप्न निर्देशन दिएपछि थप समस्या परेको छ । विगतमा सत्तारुढ दलहरुको समझदारी अनुसार मन्त्रालय विभाजन गरेर माओवादीका दुई र नेपाली काँग्रेसका तीन मन्त्री थप्ने तयारी थियो तर मन्त्रालय विभाजन नगरी सरकार विस्तार हुन सकिरहेको छैन । सरकार विस्तारका लागि सहमती खोज्न भएको छलफल असफल भएको छ । रोकिएको सरकार बिस्तारको गाँठो फुकाउन माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन, नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन, मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, माओवादी संसदीय दलका नेता जोखबहादुर महरा, माओवादी नेतृ ओनसरी घर्ती सहितको टोली दुई चरणमा छलफलमा बसेपनि निष्कर्षमा भने नेताहरु पुग्न सकेका छैनन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## संयमित भई अगाडि बढौं

प्राप्त लोकतन्त्रको संस्थागत विकास गर्ने अभियानका साथ अगाडि बढिरहेको बेला राजतन्त्र पुनः स्थापना र हिन्दुधर्म सापेक्षताका नाराहरु अगाडि बढाएर नेपाललाई फेरि पनि सबै कुराबाट ध्वस्त पार्ने षड्यन्त्र शुरु भएको भान हुन थालेको छ । आफ्ना मागहरु व्यवस्थित रुपमा प्रयोग गर्ने अधिकार हुँदा हुँदै मुडभेदको वातावरण सिर्जना गर्नु आफैमा गैरकानूनी प्रक्रिया हो । मंसिर ७ गते राजधानीमा हुन लागेका प्रर्दशनलाई लिएर सरकारले शान्ति सुरक्षालाई व्यवस्थित गर्ने सोंचका साथ उपत्यकाका जिल्ला प्रशासन कार्यालयहरुले निषेधित क्षेत्रको पहिचान र सम्भावित अप्रिय घटनाहरु हुनबाट रोक्नका लागि विभिन्न प्रयास गरिरहेको छ । व्यक्ति र संस्थाहरुले गर्न लागेका प्रर्दशन र कार्यलाई व्यवस्थित गर्ने सोंचका साथ गरिएका प्रयासहरु सफल हुनुपर्छ र सबैका आवाजलाई सरकार र जनताले सुन्न अनि मनन् गर्न पनि पाउँनुपर्छ भन्ने सरकारको अवधारणा रहेको देखिन्छ । किन कि, प्रर्दशन नरोक्ने, त्यसको व्यवस्थापन गर्ने शैली देखापर्नु भनेको राम्रो पक्ष हो । यद्यपि मेडिकल व्यवसायी दुर्गा प्रसाई र एमालेको भातृ संगठन युवा संघले एकै दिन गर्न लागेका प्रर्दशनले लोकतन्त्र प्रतिको जनविश्वासमा कमी ल्याउने खतरा छ । यसलाई व्यवस्थित र जात जाती, धर्म संस्कृति प्रतिको विश्वासमा कमी नआउँने गरी प्रर्दशन गर्ने शैलीलाई सबैले अवलम्वन गर्नुपर्छ ।

जातजाती, धर्म र संस्कृतिका नाममा हुने जनसुकै आन्दोलन पनि देशका लागि हितकर हुँदैनन् । हिजो मार्सी भोजसँगै राजनीति अनि पेशा व्यवसायका साधै आ–आफ्नो हिसावबाट विभिन्न किसिमका आँकलनहरु आफैमा पनि अत्यन्तै विवादित हुँदै आएको थियो । त्यतिबेला अहिलेका प्रधानमन्त्री पुष्पकमल दहाल, पूर्वप्रधानमन्त्री केपी ओली समेत एउटै विचारका अगुवाका रुपमा चिनिएका थिए । कालान्तरमा हुँदै पछि आएर विभिन्न कुरालाई लिएर मनमुटाव शुरु भएको थियो । अहिले आएर दुर्गा प्रसाई, राजतन्त्रलाई पुर्नस्थापना, हिन्दु धर्म सापेक्ष जस्ता भूमिकालाई अगाडि बढाई रहँदा, प्रसाईको अभियान व्यक्ति केन्द्रित र आत्मकेन्द्रित हुँदै जाने डर पनि त्यतिकै प्रवल रुपमा देखिन्छ । त्यसकारण भेला हुने, आफ्ना विचार एक आपसमा जनउपयोगी शैलीबाट राख्ने र अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा कानूनमा भएको व्यवस्थालाई पनि बुझ्न, देश र हाम्रो अवस्था प्रतिको असल आंचरणकालाई ध्यान दिनुपर्ने हुन्छ । हरेक असल नागरिकले आन्दोलन गर्ने शैलीलाई आत्मरतिका रुपमा भन्दा पनि शान्ति, सुरक्षा र अमनचैनको वातावरणलाई नखलबल्याई गर्नुपर्ने जिम्मेवारीलाई बिर्सनु हुँदैन । अनि मात्र मुलुकले नयाँ दिशाबोध गर्न सक्छ । त्यस कारण हामीले आफुलाई सचेत छौं भन्दै गर्दा संयमितता पनि गुमाउँनु हुँदैन ।

### Opinion @ Social Network

कुनै बेला "म तिम्रो दुनियाँ हुँ" भन्ने मान्छेले एउटा यस्तो दुनिया बनायो जसमा म बाहेक सबथोक अटाएको छ
*(प्रकाश ज्ञवालीको फेसबुक स्टाटस https://www.facebook.com/prakash.gyawali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पाका वन र वन उद्यमको सम्भाव्यता



नारायण तिमिल्सेना

मानव जीवनको सबैभन्दा आधारभूत तत्व के हो ? अक्सिजन । यही तत्वको एकमात्र स्रोत हो, वन जंगल । क्षेत्रफलको दृष्टिकोणबाट तुलनात्मक रूपले सानो भएपनि धरातलीय तथा मौसमी विविधता ( वन, वन्यजन्तु, जैविक विविधता, सिमसार, भौगोलिक र जलवायुजन्य)का कारण हामी सम्पन्न छौँ । यद्यपी हरियो वन नेपालको धन सुनेर अघिल्लो पुस्ता हुर्कियो । वन पैदावारलाई स्रोतका रूपमा स्वीकार गरेको यो अवधारणालाई क्रमशः जीविकोपार्जनमुखी सामुदायिक वनको प्रचार-प्रसारले ओझेलमा पाऱ्यो । आजभोलि सामुदायिक वन आफैं बदलिँदो सामाजिक आर्थिक परिवेशमा अल्मलिएको छ । त्यसैगरी, हरियो वन नेपालको धन भनेर बुझेको हाम्रो पुस्ता उत्पादनलाई नजरअन्दाज गरेर 'समृद्धिका लागि वन' भन्ने नारामा रुमलिएको छ । पाल्पामा बनको क्षेत्रफल १३७३ वर्ग कि.मि रहेको छ । जम्मा क्षेत्रफलको ५६.४० प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ । यहाँ सामुन्द्रिक उचाई अनुसार सामान्यतया न्यानो समष्तिशोण पतझर जंगल रहेको छ । यहाँ साल, चिलाउनी, कटुस, उत्तीस, खयर, काफल लगायत प्रजातिका रुखहरु पाइन्छन् । यहाँ रहेको वन क्षेत्रमा पाइने रुखहरुको क्षेत्र घनत्व कम रहेको छ र अधिकांश रुखहरु वन उद्यमका लागि कम सम्भाव्यता भएका प्रजातिहरु रहेका छन् । सामान्य रुखहरु फर्निचरका लागि प्रयोग गर्न सकिने भएता पनि यसको व्यवसायिक प्रयोग पनि कम नै रहेको छ । यस क्षेत्रका जमिनमा व्यवसायिक प्रयोग र वन उद्यमका लागि सम्भावना बढाउन सकिन्छ । यसर्थ यहाँ वनलाई सामुदायिक वनमा सीमित नराखी बनलाई उद्यमको सम्भावना भित्र केन्द्रीत गरी यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

*वन पैदावारलाई स्रोतका रूपमा स्वीकार गरेको यो अवधारणालाई क्रमशः जीविकोपार्जनमुखी सामुदायिक वनको प्रचार-प्रसारले ओझेलमा पाऱ्यो । आजभोलि सामुदायिक वन आफैँ बदलिँदो सामाजिक आर्थिक परिवेशमा अल्मलिएको छ । त्यसैगरी, हरियो वन नेपालको धन भनेर बुझेको हाम्रो पुस्ता उत्पादनलाई नजरअन्दाज गरेर 'समृद्धिका लागि वन' भन्ने नारामा रुमलिएको छ । पाल्पामा बनको क्षेत्रफल १३७३ वर्ग कि.मि रहेको छ । जम्मा क्षेत्रफलको ५६.४० प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ । यहाँ सामुन्द्रिक उचाई अनुसार सामान्यतया न्यानो समष्तिशोण पतझर जंगल रहेको छ । यहाँ साल, चिलाउनी, कटुस, उत्तीस, खयर, काफल लगायत प्रजातिका रुखहरु पाइन्छन् । यहाँ रहेको वन क्षेत्रमा पाइने रुखहरुको क्षेत्र घनत्व कम रहेको छ र अधिकांश रुखहरु वन उद्यमका लागि कम सम्भाव्यता भएका प्रजातिहरु रहेका छन् । सामान्य रुखहरु फर्निचरका लागि प्रयोग गर्न सकिने भएता पनि यसको व्यवसायिक प्रयोग पनि कम नै रहेको छ । यस क्षेत्रका जमिनमा व्यवसायिक प्रयोग र वन उद्यमका लागि सम्भावना बढाउन सकिन्छ ।*

बहु-आयामिक महत्व राख्ने रुख विरुवाहरुको रोपण गरी आय आर्जनसँग जोडिनु अहिलेको अत्यावश्यकता हो । बहु-आयामिक महत्व राख्ने रुख विरुवा मध्ये यस क्षेत्रमा सम्भाव्यता बोकेका केही प्रजाति निम, किम्मु, अमला, कागती, तेजपात, टिमुर, ओखर, रुद्राक्ष, काफल लगायतका रुख प्रजाती तथा बाँस, अम्रिसो, कुरिलो लगायतका घाँस प्रजातिको व्यावसायिक प्रयोगका लागि माग बढी रहेको छ । यसका अतिरिक्त वर, पिपल, लहरे पिपल, स्वामी, इपिलिपि, बडहर, खनीयो, काभ्रो, दवदवे, बेंडुलो, लगायतका थुप्रै प्रजातिका रुख विरुवाहरु पाइन्छन् जुन पशुपालन र दाउराका लागि उपयुक्त मानिन्छन् ।

**यहाँ बहु-आयामिक प्रयोगका लागि सम्भावना बोकेका केही रुख विरुवाहरु तपसिल बमोजिमका रहेका छन् ।**

**तेजपात-** बोक्रा र पात दुबै मसलाका रुपमा प्रयोगमा आउने यो रुख पहाडी क्षेत्रमा राम्रो हुर्कने र बढ्ने प्रजाति हो । बजारमा अत्याधिक माग रहेको यस रुखका पात तथा बोक्राहरु चिया मसला, गरम मसला, खडा मसला लगायतका विभिन्न खाद्य मसालामा प्रयोग गर्न सकिन्छ ।

**टिमुर-** झाडी वन प्रजातिमा पर्ने यो बिरुवाको दाना मसलाको रुपमा प्रयोग हुने गर्दछ । साथै दाँतको समस्या र लुतो तथा चर्म रोग निवारणका लागि औषधिकै रुपमा पनि प्रयोग गर्न सकिने यो प्रजातिको व्यवसायिक माग बढ्दै गएको छ ।

**किम्मु-** पशुपालनका लागि घाँसका रुपमा प्रयोग गरिने यो प्रजाती रेशमी किराको खेतिका लागि पनि प्रयोग हुन्छ । यसलाई व्यवसायिक प्रयोगमा ल्याउन सकेमा रेशम धागो उत्पादन गरी गुणस्तरीय रेशमी कपडा उत्पादन गर्न सकिन्छ । रेशमी कपडाको माग बजारमा अत्याधिक रहेको हुनाले किम्मु खेति गरी व्यवसायिक रुपमा रेशमी किराको पालन गर्न सकिन्छ ।

**रिठ्ठा-** स्याम्पु, साबुन र सरफ उत्पादनको मुख्य स्रोतका रुपमा प्रयोग गर्न सकिने यो प्रजातीको व्यावसायिक खेति गर्न सके घरेलु उद्यम सिर्जना गरी स्थानीयस्तरमै आयमुलक रोजगार सिर्जना गर्न सकिन्छ ।

**ओखर-** पहाडी क्षेत्रमा राम्रो उत्पादन हुने ओखरको फल पौष्टिक आहरका रुपमा प्रयोग गरिन्छ साथै क्यान्सर रोग लाग्न बाट बचाउने, मधुमेह रोग नियन्त्रण, मुटु तथा मष्तिष्कको विकास गराउने लगायतका गुण रहेकाले यस क्षेत्रमा व्यावसायिक उत्पादन र बजारीकरणको उच्च सम्भावना रहने गर्दछ ।

**यस क्षेत्रमा औषधीका रुपमा प्रयोग गर्न सकिने केही जडिबुटीहरु :**

**बोझो-** रुघाखोकी, रक्तचाप नियन्त्ररण, पेट तथा छालाको समस्या निवारणका लागि उपयोगी मानिने बोझोलाई व्यवसायिक प्रयोग गर्न सकिन्छ ।

**कुरिलो-** तरकारी र सुपको रुपमा प्रयोग गर्न सकिने कुरिलोलाई शक्तिबर्धक खानाको रुपमा चिनिन्छ । यसको सेवनबाट पत्थरी, पेट तथा पाचनको समस्या, उच्च रक्तचापको समस्या लगायत रोग प्रतिरोधत्मक क्षमता बढाउनका लागि प्रयोग गरिन्छ । सुत्केरी महिलाले सेवनबाट शिशुका लागि प्रशस्त दुध उत्पादनमा समेत उपयोगी हुने मानिन्छ । बजारमा उच्च माग रहेकोले यसको व्यावसायिक खेति गर्नेको संख्या पनि बढ्दै गएको छ ।

**अमला-** भिटामिन सिको श्रोतका रुपमा रहेको अमला त्रिफला मध्येको एक हो । हर्रो र बर्रोसँग मिलायर औषधीका रुपमा प्रयोग गरिने अमलालाई तितौरा र अचार बनाएर समेत प्रयोग गर्न सकिन्छ ।

**सिस्नो-** उच्च रक्तचाप, मधुमेह लगायतका रोग नियन्त्रणमा उपयोगी हुने सिस्नोको साग तरकारीका रुपमा समेत प्रयोग गरिन्छ । यस भेगमा प्रशस्त पाइए पनि व्यवसायिक रुपमा प्रयोग गर्न सकिएको छैन । यद्यपि सिस्नोको पातलाई सुकाएर बनाएको धुलो पाउडर बजारमा भने तरकारी र औषधीका रुपमा प्रयोगका लागि माग बढ्दो छ ।

**यसैगरी यस भौगलिक क्षेत्रमा व्यावसायिकताका हिसाबले महत्वपूर्ण रहेका घाँसहरु:**

**इपिलिपिल-** गाई, भैंसी बाखाहरुका लागि पोषिलो मानिने यो प्रजातिको घाँस छिटो बढ्ने र काट्नका लागि प्रयोग हुने गर्दछ । यो बहु-उपयोगि डाले घाँस हो । यसको प्रयोग पर्यावरण संरक्षणका अतिरिक्त भू-संरक्षणका लागि पनि उपयुक्त मानिन्छ । व्यावसायिक प्रयोगमा ल्याउन सके कागज उत्पादन, गुणस्तरीय कोइला अनि बलियो काठबाट व्यावसायिक तथा घरेलु सामाग्री बनाउन समेत प्रयोग गर्न सकिन्छ ।

**बाँस-** बाँसको चोयाबाट डोको, नाम्लो, सुपो, मान्द्रो लगायतका घरेलु सामग्री बनाउन सकिन्छ । यसका अतिरिक्त पशुपालनका लागि घाँस पनि प्रयोग हुन्छ । यसको तामा तरकारी र अचारका लागि प्रसिद्ध रहेको छ । कागज तथा कपडा उत्पादनमा समेत राम्रो मानिने बाँस पछिल्लो समय घर तथा होटल रेष्टुरेन्ट सजावटका लागि विभिन्न ठाउँमा प्रयोग बढ्दै गई रहेको छ । यसको बजारीकरणमा ध्यान नपुग्दा व्यावसायिक उत्पादन हुन सकेको छैन ।

**अम्रिसो-** फुलबाट कुचो, डाँठ र पातबाट कागज अनि पशुपालनका लागि घाँसका रुपमा प्रयोग गरिने अम्रिसो भू-क्षय नियन्त्रणका लागि उपयुक्त मानिन्छ । विशेष गरी पूर्वि पाल्पाको निस्दी झिरुवासमा आय आर्जनका अलावा पर्यटन आकर्षणका रुपमा बढेको छ । यि लगायत वन क्षेत्रको उपयोगिता बहुआयामिक र बहु-उपयोगी रहेकाले वन संरक्षण र सम्वर्द्धनमा सबैको ध्यान पुग्न जरुरी छ । वन क्षेत्रको संरक्षणबाट वन्यजन्तुको संरक्षण, जैविक विविधतामा वृद्धि र पारीस्थितिक प्रणालीको सन्तुलन, जल तथा माटोको संरक्षण, कार्बन संचितिकरणबाट जलवायु परिवर्तनका असरहरुको न्यूनिकरण तथा व्यावसायिक प्रयोगमा ल्याउन सके उद्योगहरुका लागि कच्चा पदार्थको श्रोतका रुपमा प्रयोग गर्न सकिन्छ । साथै वनक्षेत्रलाई वन उद्यमसँग जोड्न सक्ने गरी वन पैदावर उत्पादन गर्न सकेको खण्डमा स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुऱ्याउन सकिन्छ ।

***(लेखक समृद्धिका लागि वन परियोजना बगनासकाली गाउँपालिका पाल्पाका फोकल पर्सन समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । कला, साहित्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

ोरञ्जन

# दिमाग खराब : अभियाननगरको राजनीतिले देखाएको बाटो




चलचित्र प्रचारका लागि राखिएका कार्यक्रममा निर्देशक निश्चल बस्नेत पटक-पटक दोहो¥याइरहन्थे- दिमाग खराब राजनीतिक विषयवस्तुमा आधारित सिनेमा होइन । अर्थात् राजनीतिक सिनेमा होइन । चलचित्रको मुख्य पात्र 'इन्द्र' राजनीतिसँग कसरी ठोकिन्छ, त्यति मात्रै हो । उनले त्यसो किन भने ? सत्य किन बोलेनन् ? समकालीन राजनीतिदेखि दिक्क भएका नेपाली दर्शक त्यही विषयको सिनेमा हेर्न हलमा जाँदैनन् भन्ने डरले हो ? खैर, निश्चल नै जानुन् । उनीसँगै होला जवाफ । तर, यतिको बलियो सिनेमा बनाउँदा बनाउँदै डराउनु किन ? सायद आत्मविश्वास कमजोर भयो । चलचित्रको ट्रेलरमा एउटा संवाद छ- म काम गरेर खाने मान्छे, त्यो (मेयर) खाएर काम गर्ने मान्छे । यही हो 'दिमाग खराब'को कथा । हुनेखाने र हुँदा खानेबीचको अन्तर र यी दुई वर्गबीचको अन्तरसंघर्षको कथा नै यो चलचित्रको मुख्य कथा हो ।

स्थानीय जनप्रतिनिधिले कसरी जनतालाई पाइपाइमा ठगिरहेका छन्, सोझासिधा नागरिक कसरी नेताबाटै ठगिइरहेका छन्, जब नागरिकमा विद्रोहको आगो सल्किन्छ, त्यसको परिणाम के हुन्छ ? न कुनै तिकडमले काम गर्छ न त अथाह पैसाले । यही नै चलचित्रले देखाउने कथा हो । स्थानीय तहको गत निर्वाचनमा स्वतन्त्र उमेदवारमा अनपेक्षित रूपमा नागरिकको विश्वास देखियो । देशकै केही ठूला महानगरपालिका र उपमहानगरपालिकामा नागरिकले स्वतन्त्र उमेदवारलाई चुनाव जिताए । पुराना पार्टीका उमेदवारले नसोचेको परिणाम आयो । स्वतन्त्र उमेदवारको यो चुनावी अभियानमा थुप्रै कलाकार खुलेरै लागे । केही प्रत्यक्ष रूपमा स्वतन्त्र उमेदवारको चुनावी अभियानमा जोडिँदा केहीले अप्रत्यक्ष रुपमा सहयोग गरे । त्यही स्थानीय तहको चुनावी माहोल र परिणामलाई निर्देशक निश्चल बस्नेतले योपटक सिनेमामार्फत देखाए । 'लुट' निर्देशन गरेर सेलिब्रिटी निर्देशकको छवि बनाएका निश्चलको सिनेमा 'दिमाग खराब'मा मुख्य पात्रको रूपमा इन्द्र (खगेन्द्र लामिछाने) छन् । इन्द्रको चरित्रमा खगेन्द्रले अन्याय गरेका छैनन् । तर, 'पशुपतिप्रसाद'मार्फत आफूलाई सिने कलाकारमा अब्बल रहेको पुष्टि गरेका खगेन्द्रले 'पशुपतिप्रसाद'को चरित्रलाई बिर्साउने अभिनय त्यसयता गर्न सकेका छैनन् । जे होस्, उनलाई दर्शकले 'दिमाग खराब'मा रुचाउँछन् । 'सची' अर्थात् 'इन्द्र'की श्रीमतीको भूमिकामा स्वस्तिमा खड्का छिन् । अभिनयको तुलोमा तौलिने हो भने यो चलचित्रको 'हिरो' स्वस्तिमा हुन् । उनले सिनेमामा राम्रो टिम पाउँदा आफ्नो अभिनयलाई कुन तहसम्म पु¥याउन सक्छिन् भन्ने 'दिमाग खराब'बाट पुष्टि गरेकी छन् । भोला थोकर (दयाहाङ राई) सिनेमामा औसत अभिनयमा छन् । मेयरको भूमिकामा रहेका हरिप्रसाद बराल (अर्पण थापा) अभिनयमा अब्बल छन् । तर, उनको समस्या डाइलग डेलिभरीमा छ । लुक्समा बले (विजय बराल) जति सुहाएका छन्, अभिनय त्यो तहमा छैन । नीरज गौडेल (सुमन कार्की) पनि औसत अभिनयमा खुम्चिएका छन् । यो चलचित्रमा निर्देशक निश्चल बस्नेत पनि कलाकारका रूपमा छन् । 'दिमाग खराब'मा सबैभन्दा कमजोर अभिनय उनकै हो । आफ्नै निर्देशन रहेको चलचित्रमा कमजोर अभिनय गरेका निश्चल निर्देशकमै 'फिट' रहेको यो सिनेमाले उनी स्वयंलाई दिने सन्देश हो । भलै, मनन् गर्नु/नगर्नु उनको निर्णय । सिनेमाका गीतले कथा भन्न सहयोग गर्छ । ब्याकग्राउन्ड स्कोर भने चित्त बुझ्दो छैन । ब्याकग्राउन्ड स्कोरमा धेरै नेपाली सिनेमाले काम गर्दैनन् भन्ने टिप्पणीलाई यो सिनेमाले पुष्टि गरेको छ । सिनेमेटोग्राफी उल्लेखनीय छैन, औसत छ । भनिन्छ, कलाले कसैको पक्षपोषण गर्नु हुँदैन, त्यो निष्पक्ष हुनुपर्छ । जुन कला निष्पक्ष हुन्छ, त्यो अजर र अमर हुने सम्भावना हुन्छ । पक्ष/विपक्षमा लाग्यो भने वकालत हुन्छ, अभियानमा परिणत हुन्छ । कला प्रयोग भएको मानिन्छ । 'दिमाग खराब' स्वतन्त्र उमेदवारको पक्षमा ढल्किएको सिनेमा हो । पुराना राजनीतिक दलबाट जनता दिक्क भए होला, समाजको रुपान्तरण पनि भएन होला । देशमै गरेर खान्छु भन्नेलाई अवसर भएन होला, अन्ततः रोजगारीका लागि विदेश नै जान्छु भन्ने आम नागरिकलाई पनि नेताहरूले ठगिरहेका होलान् । तर, सिनेमाले त्यसको पक्षपोषण गर्ने कि 'ग्रे जोन'मा बसेर देखाउने त्यो महत्वपूर्ण पक्ष हो । यसमा निर्देशक केही पूर्वाग्रही देखिन्छन् । भलै, उनले वैदेशिक रोजगारीमा रहेको ठगी, पछिल्लो समय भिजिट भिसाका नाममा भइरहेको ठगी, राजनीतिक दाउपेच र स्थानीय तहमा हुने भ्रष्टाचारमा केन्द्र पनि जेडिने गरेको यथार्थलाई मजाले सटायर हानेका छन् ।

निश्चलको पात्र सिनेमामा स्ट्याब्लिस छैन । समाजसेवी हो कि मारधाड गर्ने केटाहरुको नाइके ? उसका पछाडि त्यति धेरै केटाहरू किन लाग्छन् ? अनुत्तरित छोडिएको प्रश्न हो । सामाजिक अभियान्ताको रूपमा देखिने नीरज गौडेलको पात्र बीचमै अलपत्र छोडिएको छ । कथित अभियान्तालाई व्यंग्य गरे पनि यो पात्र बीचमै छोडिन्छ । 'दिमाग खराब' सत्यकथामा आधारित सिनेमा होइन । तर, सत्यको नजिक रहेर निर्माण गरिएको दर्शकको नजरबाट लुक्दैन । किनकि, निर्देशकले जसरी इन्द्रको चुनावी अभियान देखाएका छन्, त्यो पुरानो भइसकेको छैन । नेपाली समाजमा ताजै छ । चलचित्र लेखकलाई सिनेमाको कथा लेख्दा विषयवस्तुलाई फिक्सनाइज गर्ने स्वतन्त्रता हुन्छ । निर्देशकलाई सिनेम्याटिक लिबर्टी पनि हुन्छ । तर, सजिलै देखाउन सकिने र सिनेमालाई थप मजबुत बनाउने कन्भिन्सिङ कुराहरूलाई नजरअन्दाज गर्दा केही बिझाउँछ । 'दिमाग खराब'कै केही त्यस्ता पक्ष छन्, जसमा लेखक तथा निर्देशक चुकेका छन् । क्लाइमेक्सतिर उमेदवारी मनोनयनको सिन छ । तर, इन्द्र परिबन्दमा परेर काठमाडौं आइपुगेको छ । समय घर्किसक्दा पनि ऊ मनोनयनका लागि तोकिएको समयमा पुग्न सक्तैन । समयमा नपुग्दा ऊ मनोनयनबाट बञ्चित हुन्छ । जबकि, ऊ त्यो समय काठमाडौंको बूढानीलकण्ठमा छ । जहाँबाट निर्वाचन आयोगको कार्यालय कान्तिपथ नजिकै छ । जहाँबाट उसले आफूले तोकेको प्रतिनिधिमार्फत मनोनयन दर्ता गराउन सक्छ । मानौं, इन्द्रलाई यो कानुनी प्रक्रियाबारे ज्ञान भएन । तर, उसको चुनावी अभियानको सारथी भोला त सरकारी ऋण लिएर सरकारी कामबारबाही र थोरबहुत नियम बुझ्छ । उसले किन त्यसो गरेन ? मानौं, इन्द्रको चुनावी माहोल देखेर ऊ आफैं लोभियो रे ! तर इन्द्रका पक्षमा त पूरै गाउँ नै समर्थनमा थियो । सहरदेखि विदेशसम्मका युवा उसको पक्षमा छन् । कसैले इन्द्र मनोनयनस्थलमा नहुँदाको विकल्प सुझाउँदैन ? फिल्डमा रहेका निर्वाचन अधिकृतले नै सुझाव दिने सम्भवना रहँदैन ? किनकि, सामान्य अवस्थामा भन्दा फरक वातावरण छ अभियाननगरमा । तर, यसमा लेखक अनविज्ञ रहे वा सिनेम्याटिक लिबर्टी प्रयोग गरे, यो किन देखाइएन भन्ने प्रश्नभन्दा पनि यसमा ट्विस्ट एन्ड टर्नका लागि पर्याप्त ठाउँ हुन्थे । जसले क्लाइमेक्सलाई थप रोचक बनाउन सकिन्थ्यो कि भन्ने मात्रै हो । तर, कथा यस्तो हुनुपर्थ्योभन्दा पनि निर्देशकले आफूले चाहेअनुसार देखाउन सक्छ, त्यो उसको स्वतन्त्रता हो ।

मुद्दा दर्ता, भ्रष्टाचारीलाई कारबाही सिनेमामा दोहोरिइरहने सिन र संवाद हुन् । यो कसको दायराभित्र पर्छ ? यसमा लेखकले हेक्का राखेका छैनन् । हुन त के गलत र के सही पढ्नलाई दर्शक हलमा जाने निश्चय नै होइन । तर, विषयप्रसंगले कथासँगै जोडिएर आउने कुरालाई सत्य देखाउँदा गलत हुन्छ र ? कथामा केही कमजोरी होला तर, त्यसलाई सिनेम्याटिक लिबर्टी भनेर आँखा चिम्लिने हो भने 'लुट'पछि कै निश्चलको राम्रो सिनेमा हो 'दिमाग खराब' । दर्शकलाई हसाउने, भावुक बनाउने, सही र गलत छुट्ट्याउने पर्याप्त संवाद र दृश्यले सिनेमालाई राम्रो बनाएका छन् । पहिलो हाफको तुलनामा दोस्रो हाफ केही कमजोर भए पनि निश्चलले दर्शकलाई राम्रो सिनेमा दिएका छन् । सिनेमा अवधिभर रमाउन सकिन्छ । दर्शकले 'दिमाग खराब'बाट निश्चललाई अभिनेता होइन निर्देशककै रूपमा माया गर्ने पक्का छ । समाजमा आम नागरिकलाई बिझाइरहेको विषयमा रोचक तरिकाले सिनेमा भन्नसक्नु उनको क्षमता हो । त्यसैले 'दिमाग खराब'बाट उनले आफूलाई निर्देशककै यात्रामा हिँडाउन्, अभिनेताका रूपमा होइन । *-बाह्रखरी डटकम*

# लोकदोहोरीका दुई प्रकाश : जुन गीत ल्याउँछन्, त्यही हिट



नेपाली लोकदोहोरी क्षेत्रमा दुई प्रकाशका प्रायः गीतले स्रोता दर्शकको माया पाउँदै आएका छन् । उनीहरूले जुन गीत ल्याउँछन् त्यही हिट हुन्छ भन्ने छाप स्रोता-दर्शकमा परिसकेको छ । गायक प्रकाश सपूत र प्रकाश दूतराजले आफ्ना सिर्जनामार्फत दर्शकमाझ उक्त छाप छाड्न सफल भएका हुन् । प्रायः अरूका गीत नगाउने र गीत ल्याउने हतार नगर्ने यी दुवै गायकका प्रायः सिर्जनाले स्रोता-दर्शकको निकै माया पाउँदै आएका छन् ।

**प्रकाश सपूत**

बागलुङमा जन्मिएका प्रकाश सपूत 'बोल माया' बोलको गीतबाट मास स्रोता दर्शकमाझ चिनिएका थिए । त्यसयता उनले ल्याएका सिर्जनाहरू निकै चर्चित बनिरहेका छन् । उनका धेरै गीत स्रोता दर्शकको जिब्रोमा झुन्डिएका छन् । 'गलबन्दी', 'बदला बरिलै', 'कुरा बुझन पर्च होस', 'पीर', 'सकम्बरी', 'जाले रुमाल फाट्यो' जस्ता उनका गीतहरूले निकै लोभलाग्दो माया पाएका छन् । उनी अरूका गीतमा मोडलिङ समेत गर्दै आएका छन् । यद्यपि, ति गीतहरू केही चलेपनि धेरैको चर्चा खास्सै हुने गरेको पाइँदैन । यद्यपि, प्रकाशले आफ्नै अफिसियल युट्युबबाट ल्याउने सिर्जनाहरूले भने चर्चासँगै लोभलाग्दो भ्युज पाइरहेका हुन्छन् । अहिले पनि उनका गीत आउन बित्तिकै छुट्टै खालको चर्चा हुने गरेको छ । छोटो समयमा करोड भ्युज पाउने गीतको रेकर्ड समेत प्रकाशले राखेका छन् । उनको 'सकम्बरी' बोलको गीतले सात दिनमै युट्युबमा करोड भ्युज पाएको थियो । विगतका गीतबाट जितेको विश्वासकै कारण स्रोता दर्शकहरू उनका गीतको व्यग्र प्रतीक्षामा हुने गरेका छन् । प्रकाशले आफूले ल्याउने गीतको भिडियोलाई कथानक शैलीको बनाउँछन्, जसका कारण पनि उनका गीत थप विशेष बन्छन् । आफ्ना सिर्जनाका कारण सञ्चारमाध्यममा राम्रै छाउने प्रकाश बेलाबेलामा विवादमा समेत आउने गरेका छन् । गीत लेख्ने, संगीत भर्ने, अभिनयदेखि निर्देशन गर्नेसम्मको काम गर्ने बहुमुखी प्रतिभाका धनी प्रकाशलाई दर्शकले चलचित्रको पर्दामा समेत हेरिसकेका छन् । उनको अभिनय रहेको पहिलो चलचित्र 'परदेशी २' हिट भइसकेको छ । यतिबेला प्रकाश आफै पनि चलचित्र निर्माणको तयारीमा छन् ।

**प्रकाश दूतराज**

पछिल्लो समय लोकदोहोरी क्षेत्रमा प्रकाश दूतराज पनि स्रोता दर्शकको प्रिय बनिरहेका छन् । उनले ल्याउने सिर्जनाहरूले पनि लोभलाग्दो माया पाउने गरेका छन् । म्याग्दीमा जन्मिएका प्रकाश दूतराज प्रायः ग्रामीण परिवेशमा रहेर सिर्जनाहरू ल्याउँदै आएका छन् । यतिबेला उनको गीत निकै चलिरहेको छ -

*देउरालीमा धजा रिमै....,*
*मन उतै नजा, भनेकै मान्दैन...*

प्रकाशको यो गीत यति रुचाइयो कि ३ सातामै यसले युट्युबमा करोड भ्युज पार गर्यो । सञ्चारमाध्यममा कमै छाउने अन्तर्मुखी स्वभावका प्रकाशका यसअघिका गीतहरू पनि निकै रुचाइएका छन् । 'बैनी झ्यालैमा', 'घर कता हो बैनीको', 'जाम भो माइली', 'मन भुल्छ', 'चोली मैलै भो, 'देउरालीमा', 'जुन माया' जस्ता उनका गीत चर्चितमध्येमा पर्छन् । एकपछि अर्को गीतबाट विश्वास जितेकै कारण प्रकाश दूतराजका गीतलाई लिएर पनि स्रोता-दर्शकमा अपेक्षा धेरै हुने गरेको छ । उनका गीतहरू भने विस्तारै हिट हुने गरेका छन् । प्रकाश दूतराज पनि गीत लेख्ने, संगीत भर्नेदेखि भिडियोमा अभिनय समेत गर्दै आएका छन् । उनी पनि आफ्ना गीतमा आफैले अभिनय गर्दै आएका छन् ।

*-लोकान्तर डटकम*

# सन्तोषको 'बलिदान'मा भित्रिए सौगात



सन्तोष सेनको निर्देशनमा बन्न लागेको फिल्म 'बलिदान'को मुख्य भूमिकामा अभिनेता सौगात मल्ल रहने भएका छन् । निर्माण युनिटले सौगातसँग कागती सम्झौता गर्दै फिल्मको लागि अनुबन्धित गरेको हो । फिल्मका लागि यस अगाडि अर्पण थापा अनुबन्ध भइसकेका छन् । फिल्ममा सौगातले मधेसी चरित्र निर्वाह गर्ने छन् । तराई र पहाडको विषयवस्तुमा फिल्म निर्माण हुन लागेको निर्देशक सेनले बताए । आसुसेन फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मका निर्मातामा पवन ब्राडफोर्ड बिस्ट छन् भने कार्यकारी निर्मातामा चक्रबहादुर चन्द र प्रेम पुरी रहेका छन् ।

दर्शन जीको लेखन रहने फिल्मको 'स्क्रिप्ट डक्टर'मा मनोज पण्डित छन् । फिल्मको प्रदर्शन मिति आगामी वर्षको दसैँको फूलपातीलाई घोषणा गरिएको छ । फिल्म छायांकन आगामी पुसदेखि गर्ने योजना निर्माण युनिटको छ । दोस्रो पटक 'बलिदान' शीर्षकमा फिल्म बन्न लागेको हो । वि.सं. २०५४ सालमा निर्देशक तुलसी घिमिरेले मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई मुख्य भूमिकामा लिएर 'बलिदान' बनाएका थिए । यो फिल्म युवाहरूको सपना र बलिदानको कथामा आधारित थियो । *-रातोपाटी डटकम*

# 'यो मन त मेरो नेपाली हो'मा विल्सनदेखि बुद्धिसम्म



मित्र प्रधान (नर)को निर्देशनमा फिल्म 'यो मन त मेरो नेपाली हो' निर्माण हुने भएको छ । पद्मा ईश्वर ईन्टरटेन्मेन्टको प्रस्तुति रहने फिल्मले विदेशमा रहेका नेपालीको मुद्धालाई उठान गर्नेछ । शिवम् अधिकारीको लेखन रहेको फिल्ममा विल्सन विक्रम राई, रोशन श्रेष्ठ, बुद्धि तामाङ, विजय बराल, आयुषा समाल, सञ्जीत भण्डारी, मेग सुवेदी, सुशान्त श्रेष्ठ, ध्रुब दत्त आदिको अभिनय रहनेछ ।

नेपालीहरु कसरी भुटान, म्यानमार, भारतमा पुगे र त्यहाँका नेपालीको अवस्था कस्तो छ भनेर फिल्ममा देखाइने निर्देशक प्रधानले बताएका छन् । फिल्मले राष्ट्र, राष्ट्रियता र नेपाली भाषाप्रति प्रेरित गर्ने उनको विश्वास छ । यही मंसिर ६ गते बुधबारबाट फिल्मको छायांकन सुरु हुनेछ । पाँचथर, झापा, सिक्किम, म्यानमार, देहरादुन, क्यानडा र अमेरिकामा फिल्मको छायांकन गर्ने तयारी छ । फिल्मका लागि अध्ययन तथा अनुसन्धान बढी गर्नुपर्ने भएकाले निर्माणमा पर्याप्त समय लाग्ने निर्देशक प्रधानको भनाई छ । पहिलो चरणमा फिल्मको ६० प्रतिशत छायांकन गरिनेछ । निर्देशक प्रधानकै कथा रहेको फिल्ममा दीपक शर्माको संगीत, सौरभ लामाको छायांकन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा कविराज गहतराजको कोरियोग्राफी रहनेछ । आगामी वर्ष फिल्म रिलिज गर्ने तयारी छ ।

*-फिल्मी खबर डटकम*

# दवाब दिन विमानको प्रवेशद्वार



**भैरहवा (रुपन्देही),** मंसिर ५/ भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भई सञ्चालनमा समेत आइसकेको छ । विमानस्थल सञ्चालनमा आएको एक वर्ष बढी भइसक्दा पनि नियमित विमान सञ्चालन हुन नसकेका कारण यहाँका उद्योगी व्यवसायी निराश छन् ।

नियमित विमान सञ्चालनका लागि यहाँका व्यवसायीले पटक-पटक विमानस्थल अगाडि नै विभिन्न विरोधका कार्यक्रम गरेका छन् । विरोधको यसै कार्यक्रमलाई जनस्तरमा लैजान एवं अन्तर्राष्ट्रिय विमानस्थल नियमितरुपमा सञ्चालनमा ल्याउन दवाब दिने उद्देश्यले स्थानीय व्यवसायीले नौलो तरिका अपनाएका छन् । बुधबारदेखि रुपन्देही उद्योग व्यपार संगठनले भैरहवामा आयोजना गरेको छैठौं लुम्बिनी प्रादेशिक महोत्सवको प्रवेशद्वारमा कृत्रिम विमान निर्माण गरेका छन् । 'विमानस्थललाई नै हेरेर यहाँ करिब ८० अर्ब बराबरको लगानी भएको छ ।' संगठनका अध्यक्ष दर्पण श्रेष्ठले भने, 'सरकारले यसको सञ्चालनमा उदासिनता देखाएपछि जनस्तरमै दबाब सिर्जना गर्ने उद्देश्यले मेलामै विमान निर्माण गरेका हौं ।' करिब पाँच लाखको लागतमा भारतका कालिगढ बोलाएर प्रवेशद्वारमा विमानको आकृति तयार हुँदैछ । मेलाको सुरुमै राखिएकाले मेला अवलोकनका लागि आउने दर्शकको पहिलो नजर यसमै परोस् भन्ने मनसायले विमान निर्माण गरिएको संगठनका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले बताए । 'लगाउनेले यसको विभिन्न अड्कल लगाउलान तर यो बनाउनुको एक मात्र उद्देश्य अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि दबाब दिनु हो ।' उनले भने, 'यसले यो क्षेत्र विमानस्थल सञ्चालनमा नआउँदा व्यवसायी कति पीडामा छन् भन्ने पनि देखाउछ ।' बुधबारदेखि सुरु हुने प्रादेशिक महोत्सवमा प्रवेशद्वारसँगै मेला सचिवालय अर्घाखाँचीस्थित प्रसिद्ध सुपा देउराली मन्दिरको आकृति बनाइको छ । स्थानीय उत्पादन र कृषि प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजित मेला मंसिर १८ गतेसम्म सञ्चालन हुनेछ । महोत्सवमा खेलकुद प्रवर्द्धनका लागि भलिबल, कुस्तीलगायत खेल आयोजना गरिने पूर्वअध्यक्ष श्रेष्ठले बताए । तराईमा धेरै रुचाइएको कुस्ती प्रतियोगितामा महिला पहलमानको समेत सहभागिता रहने उनको भनाइ थियो । करिब पाँच लाख दर्शकले अवलोकन गर्ने महोत्सवमा तीन सय ५० स्टल हुने बताइयो । भैरहवामा मेला महोत्सव एवं सार्वजनिक कार्यक्रमका लागि जग्गाको व्यवस्था नहुँदा वर्षैपिच्छे अस्थायी संरचनाा बनाउनमै लाखौं रुपैया लाग्ने गरेको व्यवसायीले गुनासो गरे । उद्योग ब्यपार संगठनका पूर्वअध्यक्ष अनिल ज्ञवालीले यस विषयमा पनि सरोकारवाला सक्रिय भएर लाग्नुपर्नेमा जोड दिए । *-रासस*

## खेलकुद समाचार

### यू-१९ विश्वकप क्रिकेट अफ्रिकामा हुने



**काठमाडौं,** मंसिर ५/अन्तर्राष्ट्रिय क्रिकेट परिषद आईसीसीले यू-१९ विश्वकप क्रिकेट श्रीलंकाको सट्टा दक्षिण अफ्रिकामा गर्ने निर्णय गरेको छ । बोर्ड बैठकले सर्वसम्मत रुपमा यो निर्णय गरेको आईसीसीले जनाएको छ ।

श्रीलंकाको क्रिकेट बोर्डमा राजनीतिक हस्तक्षेप भएको भन्दै आईसीसीले श्रीलंका क्रिकेटलाई निलम्बन गरेको छ । त्यसैले जनवरीमा श्रीलंकामा हुने भनिएको विश्वकप दक्षिण अफ्रिका सार्नु परेको हो । यू-१९ विश्वकप क्रिकेटमा नेपाल पनि छनोट भएको छ । जनवरी १३ देखि फेब्रुअरी ४ सम्म हुने भनिएको प्रतियोगिता दक्षिण अफ्रिकामा त्यही मिति आसपासमा आयोजना हुनेछ । दक्षिण अफ्रिकाले यसअघि महिला यू-१९ विश्वकप २०२३ र पुरुष यू-१९ विश्वकप क्रिकेट २०२० आयोजना गरिसकेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो

**पाल्पा,** मंसिर ५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार घटेको छ । नेप्से २३ दशमलव ८२ अंकले घटेको हो ।

नेप्से घटेसँगै एक हजार आठ सय २९ दशमलव ६५ को बिन्दुमा कायम भएको छ । सोमबार जम्मा १ अंकले मात्रै बढेको थियो । मंगलबार एकै दिन एक हजार आठ सय २९ दशमलव विन्दुमा कायम भएको हो । बजार घट्दा कारोबार रकम पनि खुम्चिएको छ । मंगलबार कारोबार ९५ करोड ४ लाख रुपैयाँमा सीमित भएको छ । सोमबार १ अर्ब ९ करोडको कारोबार भएको थियो । कुल ३१ कम्पनीको मूल्य बढ्दा २०१ को घट्यो । माइक्रोफाइनान्स २.८९ र उत्पादन उपसमूह ३.१२ प्रतिशत घटे । होटल तथा पर्यटन उपसमूह २.६ प्रतिशत घट्यो । उत्तल अवधिमा विभिन्न कम्पनीका दुई सय ८५ कम्पनीको ३६ लाख ७५ हजार एक सय एक कित्ता शेयर ३७ हजार छ सय सात पटक खरिदबिक्री हुँदा ९५ करोड चार लाख ७९ हजार पाँच सय ८३ बराबरको कारोबार भएको छ । कारोबारपछि बजार पुँजीकरण २८ खर्ब २१ अर्ब एक करोड ८१ लाख ८७ हजार आठ सय ८० बराबर पुगेको छ । म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ४२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन समूहको उपसूचक तीन दशमलव १२ र लघुवित्त समूहको दुई दशमलव ८९ प्रतिशतले बढेको छ । मेन्छियम हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव १३ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने माथिल्लो मैलुङखोला लिमिटेडको शेयर मूल्य नौ दशमलव ७४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेड सात करोड ७८ लाख २९ हजार दुई सय ३८ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै दुई लाख नौ हजार सात सय ६० कित्ता किनबेच भएको छ ।

# स्थानीय सरकारका बालमैत्री...

...अघिल्लो कृष्ण बस्याल नेतृत्वको सरकारले बालमैत्री पालिका घोषणा गरेर तदारुकता देखाए पनि अहिलेको सरस्वती चिदी नेतृत्वको स्थानीय सरकारले त्यसको अपजस लिन नचाहेका कारण कार्यक्रम निष्प्रभावी बन्न पुगेको हो । यस्तै २० पुस, २०७८ मा बालमैत्री गाउँपालिका घोषणा गरेको रम्भा गाउँपालिकाले पनि बालमैत्री कार्यक्रमका लागि अहिलेसम्म ५६ लाख ५० हजार रुपैयाँ रकम खर्च गरेको बालमैत्री कार्यक्रम हेर्ने कमला अर्यालले बताइन् । पालिकाले सबै विद्यालयमा बालविवाह न्यूनीकरणका लागि ज्योतिष र पण्डितलाई बालबालिकासँगै सहभागी बनाएर सचेतनामूलक कार्यक्रम गर्ने गरेको भए पनि त्यो प्रभावकारी बन्न सकेको छैन । पालिकाले कार्यक्रम गर्ने तर त्यसको नियमन तथा अनुगमन नगर्दा कार्यक्रमले मूर्तरुप लिन नसकेको हो । गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले भने अहिले बालविवाह हुने दर घटाउन सफल भएको दाबी गरे । यहाँ अझै पनि लुकीछिपी बालविवाह भइरहेका छन् । बालमैत्री पालिका घोषणा भए पनि उसले बालविवाह र बालश्रमको यकिन तथ्यांक राखेको छैन ।

२०७५ देखि बालमैत्री कार्यक्रम गर्ने अवधारणा ल्याएको रामपुर नगरपालिका २०८३ मंसिरभित्र बालमैत्री पालिका घोषणा गर्ने गरी अगाडि बढेको छ । पालिकाले अहिलेसम्म बालमैत्री कार्यक्रमका लागि २५ लाख रुपैयाँ रकम खर्च गरेको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख पुजा परियारले जानकारी दिइन् । पहिले नै कार्यक्रम लागु गर्ने अवधारणा ल्याए पनि पालिकाले आर्थिक वर्ष २०७९/०८० देखि कामलाई तीव्रता दिएको हो । यहाँ अझै पनि बालविवाह र बालश्रम हुने गरे पनि पालिकाले त्यसको तथ्याङकं राखेको छैन । उसले बालविवाह रोक्नका लागि विवाह गर्दा वडाबाट अनिवार्य सिफारिस लिनुपर्ने नीति ल्याएपनि लुकीछिपी बालविवाह हुने गरेको छ । २०७८ को जनगणना अनुसार १५ हजार ४ सय १८ बालबालिकामध्ये ३ हजार ५ सय ९५ बालबालिका शिक्षाको पहुँचभन्दा बाहिर रहेका छन् जसमा केही उमेर नपुगेका बालबालिकाहरु पनि छन् । आगामी दिनमा बालविवाह र बालश्रमिकहरुको तथ्यांक पहिचान गरी सोही अनुसारको दीर्घकालीन योजना बनाएर कामलाई अगाडि बढाईने नगर प्रमुख रमणबहादुर थापाले बताए ।

यस्तै निस्दी गाउँपालिकाले पनि २०८३ भित्र बालमैत्री पालिका घोषणा गर्ने तयारी गरेको छ । उसले २०७९ भदौदेखि ७ वटै वडामा बालमैत्रीका विभिन्न कार्यक्रमहरु अगाडि बढाएको छ । पालिकाले उक्त कार्यक्रमका लागि अहिलेसम्म ८७ लाख रकम छुट्याइसकेको बालमैत्री कार्यक्रमका फोकल पर्सन कुसमाखर पाण्डेले बताए । पालिकाले मोटो रकम खर्च गरेपनि यहाँ बालविवाह भने रोकिएको छैन । आर्थिक वर्ष २०७९/०८० को तथ्यांक अनुसार यहाँ २ सय १७ जनाले बालविवाह गरेका छन् । अन्य पालिकाको तुलनामा यहाँ बालविवाहको अवस्था डरलाग्दो छ । पहिलेदेखि नै सानो उमेरमा विवाह गरिदिने प्रचलनका कारण यो अहिले पनि चुनौतिका रुपमा रहको छ । पालिकाले यस वर्ष बालविवाह हुन लागेका ३ जोडीको विवाह भने रोकिदिएको छ । माथागढी गाउँपालिकामा बालविवाह चुनौतीको रुपमा रहेको छ । यहाँ पनि सानै उमेरमा छोरीहरुलाई अर्काको घरमा पठाइदिने परम्पराले गर्दा यो चुनौतिका रुपमा रहेको झडेवाका रुपेश कार्कीले बताए । पालिकाले बालविवाह रोक्नको लागि आर्थिक वर्ष २०७६/०७७ देखि बालमैत्री कार्यक्रम अगाडि बढाए पनि त्यसले निरन्तरता पाउन भने सकेको छैन । अघिल्लो नेपाली काँग्रेसका सन्तोष थापा मगर नेतृत्वको सरकारले बालमैत्री पालिका घोषणा गर्ने गरी काम अगाडि बढाए पनि अहिले एमालेका यम चिदी नेतृत्वको सरकारले भने त्यसलाई खासै ध्यान दिएको छैन । अहिलेका अध्यक्ष चिदीले भने आफुहरुले बालमैत्रीका लागि आवश्यक सूचकांकहरुको तथ्यांक संकलन गर्ने काम भइरहेको बताए । तर, उनले त्यसको लागि ठोस योजना भने ल्याएका छैनन् । उनको नेतृत्वको सरकारले सो कार्यक्रमका लागि २० लाख रकम चाहिं छुट्याईसकेको छ ।

यस्तै तिनाउ गाउँपालिकामा पनि बालविवाह र बालश्रम हुने गरेको छ । पालिकाले यकिन तथ्यांक नराखे पनि यहाँका मगर र जनजाति समुदायमा बालविवाह पहिलेदेखि नै हुँदै आएको देखिन्छ । त्यति मात्र होइन यहाँका अधिकांस बालकालिकाहरु छिमेकी शहर बुटवलका उद्योग, होटल तथा पसलहरुमा काम गर्ने गरेका छन् । आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरु बीचमै पढाइ छोडेर बालश्रम गर्न बाध्य छन् । पालिकाले आगामी २०८३ भित्र बालमैत्री पालिका घोषणा गर्ने गरी कार्यक्रम अगाडि बढाएको छ । पालिकाले कार्यक्रमका लागि २८ बुँदे कार्ययोजना कार्यान्वयन गर्न १ करोड १२ लाख २० हजार रुपैयाँको खर्च अनुमान गरेको छ ।

**पाल्पाका चार पालिकामा छैन कार्यक्रम**

पाल्पाका चार पालिकाले भने बालमैत्री कार्यक्रम सञ्चालन नै गरेका छैन । यहाँका तानसेन नगरपालिका, रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका र पूर्वखोला गाउँपालिकामा यो कार्यक्रम सञ्चालनमा छैनन् । यी पालिकाले लक्षित वर्ग अन्तर्गत बालबालिकाका क्षेत्रमा लाखौं रकम छुट्याए पनि उपलब्धि भने देखिदैन । पूर्वखोला गाउँपालिकामा बालविवाहको अवस्था अत्यन्त चुनौतीपूर्ण रहे पनि त्यसको नियन्त्रण गर्ने कुरामा स्थानीय सरकार चुकेको छ । पालिका अध्यक्ष नुनबहादुर थापाले विगतदेखि नै बालविवाहले जरा गाडेकाले त्यसको नियन्त्रणमा चुनौती रहेको बताए । यहाँ करिव ८० प्रतिशत मगर समुदायका नागरिकको बसोबास छ । मगर समुदायमा छिटो नै विवाह गर्ने पुरानो परम्परा अझै पनि हट्न नसक्दा बालविवाह न्यूनिकरणमा अप्ठ्यारो परेको अध्यक्ष थापा स्वीकार्छन् ।

पूर्वखोलाले अभिभावक विहीन बालबालिकाको लागि भने शिक्षाको जिम्मा लिने गरी कार्ययोजना अगाडि बढाएको छ । उसले त्यस्ता बालबालिकाहरुको तथ्यांक संकलन गरी यही आर्थिक वर्षदेखि लागु हुने गरी बालबालिकाहरुको शिक्षाको जिम्मा लिन लागेको हो । तानसेन नगरपालिकाभित्र बालश्रमिक र सडक बालबालिकाहरु भएपनि त्यसको नियन्त्रणमा नगर सरकारको ध्यान पुग्न सकेको छैन । उसले लक्षितवर्ग अन्तर्गत बालबालिकाको क्षेत्रमा लाखौं रकम खर्च गरे पनि बालश्रम र सडक बालकालिकाहरु नियन्त्रण गर्ने कुरामा मौन छ । नगर सरकारसँग न त बालश्रमिकहरुको तथ्यांक छ नत सडक बालबालिकाहरुको नै । यहाँका होटल तथा रेष्टुरेण्ट र पसलहरुमा बालबालिकाको प्रयोग भएको देखिए पनि स्थानीय सरकारको ध्यान जान सकेको छैन । रैनादेवी छहरा गाउँपालिकाभित्र बालविवाहको अवस्था ठूलो संख्यामा हुने गरेको छ । यो अवस्थालाई गाउँपालिकाले नियन्त्रण गर्नतर्फ ध्यान नै दिएको छैन । यहाँ जनजाति, दलित, ब्राह्मण, क्षेत्रीको बसोबास छ । यी समुदायमध्ये बालविवाह गर्ने जनजाति, दलित समुदायका अग्रपंक्तिमा भेटिन्छन् । जनजाति, दलित समुदायभित्र करीब ४० प्रतिशत उमेर नपुग्दै विवाह बन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । रिब्दीकोट गाउँपालिकाले बालमैत्री कार्यक्रम सञ्चालन गरेको छैन तर लक्षित वर्ग अन्तर्गत बालबालिकाको क्षेत्रमा काम गर्दै आएको भने दावी गरेको छ । कम उमेरमा नै विवाह गर्न पाइँदैन भन्ने चेतना भएपनि यहाँ कतिपयले फाट्टफुट्ट आफ्नै राजीखुशीमा विवाह गरेको पाइन्छ । बालविवाह अन्त्यका लागि गाउँपालिकाले खासै चासो देखाएको भने देखिदैन । उमेर नपुग्दै विवाह भएका करीब सात जोडीलाई अभिभावकको आग्रहमा केही वर्षअघि गाउँपालिकाले छुटाएको थियो ।

**तथ्यांक नै राख्दैनन् स्थानीय सरकार**

यहाँका कुनै पनि पालिकामा बालविवाह र बालश्रमिकको यकिन तथ्यांक नै छैन । बालमैत्री पालिका घोषणा गरेका पालिका हुन् वा कार्यक्रम सञ्चालन गरेका पालिका कुनैले पनि कति बालविवाह भए र कति बालश्रमिक छन् भन्ने तथ्यांक नै राखेका छैनन् । हचुवाको भरमा विना तथ्यांक उनीहरुले मोटो रकम खर्च गर्ने गरेका छन् । नेपालको संविधानले बालश्रमलाई निषेधित गरेको छ तर बालश्रमले आधुनिक दासताको रूपमा समाजमा जरा गाडेको छ । त्यति मात्र होइन बालविवाहका कारण शिक्षा, दिक्षा पाउने अधिकारबाट धेरै बालबालिकाहरु बञ्चित हुनु परेको छ । स्थानीय सरकारका कार्यक्रमहरुले पनि सार्थकता पाउन सकेका छैन भने करोडौंको लगानी बालुवामा पानी सरह भएको छ ।

### तिलोत्तमा, बाणगंगा र...

...उनले भने 'हामीले ३ वर्षे योजना र ५ वर्षे रणनीति बनाएर काम गरेका थियौं, जसले गर्दा बालविवाह र बालश्रमको अवस्था नियन्त्रणमा आएको थियो ।' अहिले नगर सरकारले बालविवाह र बालश्रम नियन्त्रणमा आएको दावी गरे पनि अवस्था त्यस्तो छैन । अझै पनि यहाँ बालविवाह र श्रम गर्न बाध्य छन् । आ.व २०७७/०७८ यता १ करोड २४ लाख भन्दा बढी रकम बालमैत्री कार्यक्रमको लागि खर्च गरिएको बालमैत्री फोकल पर्सन खीमबहादुर जिसीले बताए । उता नवलपरासीको रामग्राम नगरपालिका-४ का १६ वर्षीय सुजन महतो बुटवलको एक होटलमा काम गर्छन् । आर्थिक अभावका कारण ४ कक्षा पढ्दा पढ्दै छिमेकी अंकलसँग बुटवल आएका उनी अहिले होटलमा भाडा माझ्ने काम गर्दै आएका छन् । घरमा कमाउने कोही नभएपछि उनले बिचमै पढाई छोड्नुपऱ्यो । नगर सरकाले चैत १३, २०७८ मा बालमैत्री नगर घोषणा गरे पनि बालविवाह नियन्त्रणमा आउन सकेको छैन । नगर सरकारले अहिलेसम्म बालमैत्री कार्यक्रमका लागि १ करोड ७० लाख ३१ हजार खर्च गरिसकेको छ । नगरपालिकाका पूर्व बालमैत्री कार्यक्रमका फोकल पर्सन नगेन्द्र प्रसाद यादवका अनुसार आर्थिक वर्ष २०७२/०७३ देखि २०७६/०७७ सम्म मात्र १ करोड ४० लाख ३१ हजार रुपैयाँ खर्च भएको छ । आर्थिक वर्ष २०७७/०७८ यता सो कार्यक्रमका लागि ३० लाख रुपैयाँ खर्च भइसकेको यादवले जानकारी दिए । बालमैत्री घोषणा भएपनि नगरपालिकाले बालबालिकाका अधिकार सुनिश्चित गर्ने विषयमा भने गम्भीर भएको देखिदैन ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई